नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय सङ्गठन विभाग

# अन्तर सङ्गठन निर्देशन-२

**प्रिय कमरेडहरू,**

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), केन्द्रीय सङ्गठन विभागको तेस्रो बैठक विभाग प्रमुख एवं महासचिव कमरेड डा. बेदुराम भुसालको अध्यक्षतामा यही २०७९ असार २ गते पार्टी केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । केन्द्रीय सङ्गठन विभागको तेस्रो बैठकले गरेका विभिन्न महत्वपूर्ण निर्णयहरूको आवश्यक जानकारी एवं कार्यान्वयन गर्न/गराउन यो अन्तर सङ्गठन निर्देशन-२ जारी गरिएको छ ।

१. पार्टीको केन्द्रीय परिषद्लाई पूर्णता प्रदान गर्नका लागि पार्टी विधानको धारा-२६ (क) ७ र ८ अनुसार सदस्यहरूको नाम यही असार ७ गते भित्र पठाउन सबै जिल्ला/विशेष जिल्ला कमिटीहरूलाई र धारा-२६ (क) को ९, १० र ११ अनुसार नाम पठाउन मोर्चा/जनसङ्गठनहरूलाई निर्देशन दिने । केन्द्रीय परिषद् सदस्यहरूको चयन गर्दा पार्टी विधानमा तोकिएको योग्यता पुगेका कमरेडहरूबाट नाम चयन गरी पठाउनु पर्ने छ । यसरी नाम पठाउँदा सम्बन्धित सङ्घीय निर्वाचन क्षेत्र तथा मोर्चा/ जनसङ्गठनहरूबाट पहिले नै प्रतिनिधित्व भईसकेको छ भने त्यसैलाई नै कायम गरिने छ । अतः उपरोक्त स्थानबाट नाम सिफारिस नगर्नुहुन निर्देशन गरिन्छ । एकता प्रक्रियाबाट आउनुहुने कमरेडहरूका हकमा भने उपरोक्त व्यवस्था लागु हुने छैन ।

२. पार्टी सदस्यता व्यवस्थापन गर्नका लागि तपसिल उल्लिखित निर्णय गरियो :

(क) जिल्ला कमिटीहरूलाई यही असार मसान्तभित्र साविकको सङ्गठित पार्टी सदस्यता अध्यावधिक अर्थात कायम गरी त्यसको विवरण सम्बन्धित प्रदेश कमिटीमार्फत केन्द्रीय सङ्गठन विभागमा पठाउन निर्देशन दिने । अध्यावधिक गरी कायम गरिएका सङ्गठित पार्टी सदस्यहरूको सदस्यता नवीकारण अगामी भदौं मसान्तभित्रमा गरिसक्न निर्देशन दिने ।

(ख) पार्टी विधानको धारा ११ (क) को योग्यता पुगेका कमरेडहरूलाई धारा-११ (ख) अनुसार पार्टीको सङ्गठित सदस्यता प्रदान गर्न सबै जिल्ला/विशेष जिल्ला कमिटीहरूलाई निर्देशन दिने ।

(ग) पार्टी विधानको धारा १० (क) को योग्यता पुगेका व्यक्तिहरूलाई धारा-१० (ख) अनुसार व्यापकरूपमा पार्टी सदस्यता प्रदान गर्न सबै जिल्ला/विशेष जिल्ला कमिटीहरूमार्फत सबै पालिका तथा वडा कमिटीहरूलाई निर्देशन दिने । सबै जनसङ्गठन, मोर्चा तथा पेशागत सङ्गठनहरूलाई पनि व्यापकरूपमा पार्टी सदस्यता वितरण गर्न निर्देशन दिने । असार, साउन र भदौं महिनाभरि पार्टी सदस्यता वितरण विशेष अभियान सञ्चालन गर्ने ।

३. पार्टी केन्द्रीय कमिटी, केन्द्रीय निकाय, केन्द्रीय परिषद्को कुनै सदस्य पार्टी विरोधी गतिविधिमा संललग्न भएको भए उक्त व्यक्तिहरूको विवरण पार्टी केन्द्रमा पठाउन तथा मातहत कमिटीमा सङ्गठित व्यक्ति पार्टी विरोधी गतिविधिमा संललग्न भएको भए पार्टी विधान बमोजिम सम्बन्धित कमिटीले कार्वाही गरी माथिल्लो कमिटीबाट अनुमोदन गराउन निर्देश दिने ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय सङ्गठन विभाग

**कमरेडहरू,**

नेपाली कम्युनिष्ट आन्दोलनको रक्षार्थ हामीले गरेको ऐतिहासिक विद्रोह पश्चात छोटो अवधिमा नै हाम्रो शक्ति क्रमशः मजबुत हुँदै गैरहेको छ । यसलाई अझै मजबुत बनाउनु छ । कुनै पनि राजनीतिक पार्टीको मूल आधार भनेको सङ्गठित पार्टी कार्यकर्ताको पङ्क्ति र व्यवस्थित एवं क्रियाशिल सङ्गठन हो । तसर्थ, पार्टी निर्णय र निर्देशनहरूको कार्यान्वयन गर्दै पार्टी सदस्यता वितरण एवं नवीकरण र सङ्गठन निर्माणको काममा युद्धस्तरमा लाग्न सम्पूर्ण कमरेडहरूलाई हार्दिक अनुरोध छ ।

क्रान्तिकारी अभिवादन सहित !

२०७९/०३/०२

..............................
डा. बेदुराम भुसाल
महासचिव तथा
प्रमुख, केन्द्रीय सङ्गठन विभाग

Min Bhawan, Aaloknagar, Bagmati Corridor, Kathmandu, Nepal
Tel: +977-1-4106302, 4106303, E-mail : info.cpnus@gmail.com, Website : www.cpnus.org.np